# स्मार्ट कार्डको छपाइ जारी

■ सञ्चिता घिमिरे

काठमाडौं । बन्दाबन्दीको समयमा समेत 'स्मार्ट' चालक अनुमतिपत्र छपाइ भइरहेको छ । सरकारले बन्दाबन्दी जारी राख्दा यो अवधिमा एक लाख ४० हजार अनुमतिपत्र छपाइ भइसकेको छ । आवश्यक स्वास्थ्य सावधानी र सामाजिक दूरी कायम गरेर छपाइ अघि बढाइएको यातायात व्यवस्था विभागले जनाएको छ । सरकारले गत चैत ११ गतेबाट बन्दाबन्दी (लकडाउन) लागू गरेपछि १० दिनसम्म छपाइ ठप्प थियो । चैत २० गतेदेखि अहिलेसम्म नियमितरुपमा अनुमतिपत्र छापिरहेको विभागका महानिर्देशक गोगनबहादुर हमालले बताए । उनले भने, ' अहिले सामान्य अवस्थामा जति नै छपाइ भइरहेको छ ।'

न्दाबन्दीको समयमा अहिले 'मास प्रिन्टर' बाट छपाइ भइरहेको छ । बन्दाबन्दी पहिले साना क्षमताका प्रिन्टर भने अहिले प्रयोगमा छैन । साना प्रिन्टरले थोरै सङ्ख्यामा छाप्ने तर त्यसको सञ्चालनका लागि थप जनशक्ति चाहिने भएकाले अहिले त्यसलाई प्रयोग नगरिएको विभागले जनाएको छ । कोभिड-१९ को जोखिमबाट बचेर काम गर्नका लागि थोरै जनशक्तिबाट काम भइरहेको महानिर्देशक हमालले बताए। दैनिक तीन चरणमा 'मास प्रिन्टर' सञ्चालनका लागि दुई/दुईजना कर्मचारी कार्यालय आउने गरेका छन् । उनले भने, 'एउटा सिफ्टको कर्मचारी गएको एक घण्टापछि मात्रै अर्को कर्मचारी आउनेगरी मिलाइएको छ ।'

विभागले मास्क, पञ्जालगायतका आवश्यक स्वास्थ्य सामग्री उपलब्ध गराएर काम गरिरहेको छ । बन्दाबन्दी पहिले झण्डै साढे चार लाख अनुमतिपत्र छाप्न बाँकी रहेकामा अझै तीन लाख छाप्न बाँकी छ । बाँकी अनुमतिपत्र आगामी असारभित्रमा छापिसक्ने योजना रहेको विभागले जनाएको छ । छापिएका अनुमतिपत्र अहिले विभागमै रहेका छन् । बन्दाबन्दी सकिएपछि विभागले प्रदेश सरकारअन्तर्गतको अनुमतिपत्र यातायात व्यवस्था कार्यालय लैजानेछ र कार्यालयले सेवाग्राहीलाई वितरण गर्नेछ । अहिले दैनिक छपाइ भइरहे पनि कर्मचारी आउन/जान कठिनलगायत समस्या छन् । उनले भने, ' विभिन्न स्थानमा प्रहरीले कर्मचारीलाई पनि रोक्ने गरेका छन् ।'

सरकारले चार वर्ष पहिले 'स्मार्ट' चालक अनुमतिपत्र शुरु गरेदेखि नै सेवाग्राहीले राजश्व तिरेको लामो समयपछि मात्रै अनुमतिपत्र पाउने गरेका थिए । नयाँ संविधानअनुसार यातायातको जिम्मेवारी प्रदेश सरकारमा गयो र यातायात कार्यालयहरु सङ्घीय सरकारले प्रदेशलाई हस्तान्तरण गरेको थियो । अनुमतिपत्र छपाइको काम भने नेपाल सरकारले नै गर्दै आएको छ ।

सरकारले झण्डै आठ लाख चालक अनुमतिपत्र वितरण गर्न बाँकी रहँदा गत असोजमा 'मास प्रिन्टर' ल्याइएको थियो । त्यो आइपुगेको दुई महिनासम्म पनि जडान गर्ने र तथ्याङ्क सार्नेलगायत काम भएपछि पुसदेखि सञ्चालनमा आएको हो । पहिलो केही साता एक सिफ्टमा मात्रै सञ्चालन भएकामा दुई सिफ्ट हुँदै अहिले तीन सिफ्टमा सञ्चालन भइरहेको विभागले जनाएको छ । मास प्रिन्टरको क्षमता अरु प्रिन्टरभन्दा कँयौं गुणा बढी भएकाले छाप्न बाँकी अनुमतिपत्र चाँडै छापिसक्ने महानिर्देशक हमालले बताए । सामान्य प्रिन्टरले एक महिनामा तीन हजार छाप्ने भए पनि 'मास पिन्टर' को क्षमता दैनिक पाँच हजार छाप्ने रहेको छ ।

विभागमा अहिले देशभरका यातायात व्यवस्था कार्यालयबाट आवेदन आइरहेको छ । हस्तलिखित अनुमतिपत्र विस्थापित गर्न परीक्षा पास भएका र नवीकरण गर्ने दुवै सेवाग्राहीलाई 'स्मार्ट' चालक अनुमतिपत्र वितरण गरिँदै आइएको छ । यातायात कार्यालयहरु प्रदेश सरकारमा हस्तान्तरण भइसके पनि ती कार्यालयबाट आएका आवेदनबाट विभागले अनुमतिपत्र छापिरहेको छ । कतिपय प्रदेश सरकारले विगतमा अनुमतिपत्र छपाइमा ढिलाइ हुँदा आफैँ छाप्ने बताए पनि अहिलेसम्म कुनैले पनि गरिसकेका छैनन् ।

विभागमा गत वर्षहरुमा उपकरणको क्षमताभन्दा माग बढी रहेको थियो । त्यस्तै, छपाइ गर्न कार्ड पनि पर्याप्त नभएको विभागले बताउँदै आएको थियो । 'स्मार्ट' चालक अनुमतिपत्र छपाइमा रहेको ढिलाइ हटाउनका लागि सरकारले गत वर्ष नै ठूलो सङ्ख्यामा एकैपटक छाप्न 'मास प्रिन्टर' सँगै १० लाख कार्ड खरिदका लागि पनि ठेक्का सम्झौता गरेको थियो । सबै कार्ड आइसकेकाले अहिले त्यो समस्या पूरै हटिसकेको विभागले जनाएको छ ।

## उपत्यका...

लकडाउनलाई अझै कडाइ गर्ने निर्णय पनि उक्त बैठकले गरेको छ ।

गृहले स्थानीय तहलाई होटल, पार्टी प्यालेस, सामुदायिक भवन र अन्य संभाव्य स्थलहरुलाई क्वारेन्टाइन बनाउन समेत भनेको छ । 'नाका प्रवेशका स्थानीय तहहरु लगायत काठमाडौं उपत्यकाका सबै स्थानीय तहरुले स्थानीय प्रशासनसँग समन्वय गरी आ-आफ्नो क्षेत्रमा रहेका होटल, पार्टी प्यालेस, सामूदायिक भवन र अन्य संभाव्य स्थलहरुलाई क्वारेन्टायन बस्ने व्यक्ति स्वयंमले क्वारेनटाइन खर्च भुक्तानी गर्ने गरी सम्भावित क्वारेन्टाइन प्रयोजनका लागि लागन संकलन र अन्य व्यवस्थापनको कार्य अगाडि बढाउने', पत्रमा भनिएको छ, 'काठमाडौं उपत्यकामा अत्यावश्यक काममा प्रवेश गर्नुपर्ने कुनै व्यक्तिले उपत्यका प्रवेश पूर्व नै स्वयं आफनो खर्चमा उपलब्ध भएसम्म आरडीटी परीक्षण गरी सो को रिपोर्ट साथ काठमाडौं उपतयका प्रवेश अनुमतिका लागि माग गर्ने ।'

पत्रमा काठमाडौं उपत्यका प्रवेश विन्दुमा आइपुग्ने सवारी साधनहरु प्रवेश विन्दुमा पुग्नुपूर्व नै सुरु प्रस्थान जिल्लामा नै सुरक्षा निकायले विशेष निगरानीका साथ रोक्ने र आगमनमा कडाई गर्ने पनि उल्लेख छ । यसैगरी उपत्यका छिर्ने परेमा आरडिटी परिक्षण गरेको रिपोर्ट अनिवार्य हुनुपर्ने पनि पत्रमा भनिएको छ । यसअघि गरेको निर्णय कार्यान्वयन गर्दै उपत्यकामा हुने आवागमनमा थप कडाइ गर्ने र अत्यावश्यकबाहेकको आवतजावतलाई पूर्ण रोक्ने निर्णय गरेको गृह मन्त्रालयका प्रवक्त केदारनाथ शर्माले जानकारी दिए । अब भने उपत्यकाको स्थानीय तह, प्रहरी र प्रशासनको समन्वयमा थप कडाइ गर्नेछ ।

आवश्यक कामका लागि प्रवेश गर्न चाहने व्यक्तिले प्रवेश गर्नुपूर्व आफ्नै खर्चमा उपलब्ध भएसम्म आरडिटी परीक्षण गरी सो को रिपोर्ट साथ उपत्यका प्रवेशका लागि अनुमति माग्नु पर्नेछ । उपत्यका आउने सवारीलाई प्रवेश विन्दुमा पुग्नुअगावै प्रस्थान विन्दुमा नै रोक्ने र यसका लागि सुरक्षा निकायलाई विशेष निगरानी गरी आवागमनमा कडाइ गर्न भनिएको छ ।

काठमाडौं उपत्यकाका स्थानीय तहले प्रशासनको समन्वयमा लुकीछिपी प्रवेश गर्नेको खोजी गरी लगत संकलन गर्ने भएको छ । त्यस विषयमा आवश्यक कारवाही अघि बढाउने कुरा पनि गृहको परिपत्रमा उल्लेख छ । स्थानीय संस्था तथा क्लबले राहत वितरण र खाना वितरण गर्दा भीडभाड बढ्न गई जोखिम बढाएकाले उक्त कार्य स्थानीय तहको समन्वय नभएमा रोक्न पनि भनिएको छ । त्यस्तो कार्य समन्वय गरेर स्वास्थ्यसम्बन्धी मापदण्डका आधारमा मात्रै वितरण गर्न मन्त्रालयले आग्रह गरेको छ ।

## स्मार्ट कार्डको...

सरकारले झण्डै आठ लाख चालक अनुमतिपत्र वितरण गर्न बाँकी रहँदा गत असोजमा 'मास प्रिन्टर' ल्याइएको थियो । त्यो आइपुगेको दुई महिनासम्म पनि जडान गर्ने र तथ्यांक सार्नेलगायत काम भएपछि पुसदेखि सञ्चालनमा आएको हो । पहिलो केही साता एक सिफ्टमा मात्रै सञ्चालन भएकामा दुई सिफ्ट हुँदै अहिले तीन सिफ्टमा सञ्चालन भइरहेको विभागले जनाएको छ । मास प्रिन्टरको क्षमता अरु प्रिन्टरभन्दा कँयौं गुणा बढी भएकाले छाप्न बाँकी अनुमतिपत्र चाँडै छापिसक्ने महानिर्देशक हमालले बताए । सामान्य प्रिन्टरले एक महिनामा तीन हजार छाप्ने भए पनि 'मास पिन्टर' को क्षमता दैनिक पाँच हजार छाप्ने रहेको छ ।

विभागमा अहिले देशभरका यातायात व्यवस्था कार्यालयबाट आवेदन आइरहेको छ । हस्तलिखित अनुमतिपत्र विस्थापित गर्न परीक्षा पास भएका र नवीकरण गर्ने दुवै सेवाग्राहीलाई 'स्मार्ट' चालक अनुमतिपत्र वितरण गरिँदै आइएको छ । यातायात कार्यालयहरु प्रदेश सरकारमा हस्तान्तरण भइसके पनि ती कार्यालयबाट आएका आवेदनबाट विभागले अनुमतिपत्र छापिरहेको छ । कतिपय प्रदेश सरकारले विगतमा अनुमतिपत्र छपाइमा ढिलाइ हुँदा आफैँ छाप्ने बताए पनि अहिलेसम्म कुनैले पनि गरिसकेका छैनन् ।

विभागमा गत वर्षहरुमा उपकरणको क्षमताभन्दा माग बढी रहेको थियो । त्यस्तै, छपाइ गर्न कार्ड पनि पर्याप्त नभएको विभागले बताउँदै आएको थियो । 'स्मार्ट' चालक अनुमतिपत्र छपाइमा रहेको ढिलाइ हटाउनका लागि सरकारले गत वर्ष नै ठूलो सख्यामा एकैपटक छाप्न 'मास प्रिन्टर' सँगै १० लाख कार्ड खरिदका लागि पनि ठेक्का सम्झौता गरेको थियो । सबै कार्ड आइसकेकाले अहिले त्यो समस्या पूरै हटिसकेको विभागले जनाएको छ ।


मष्टा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भातेखोला, बझाङ्ग
सुदुरपश्चिम प्रदेश, नेपाल

बोलपत्र आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित सूचना मिति : २०७७।०२।०९

यस कार्यालय बाट तपसिल बमोजिमका कार्यहरु ठेक्काबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त योग्य निर्माण व्यवसायी निम्न शर्तहरुको अधिनमा रहि रितपुर्बकको बोलपत्र आह्वान गरिएको छ ।

१. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र नविकरण भएको ईजाजत पत्र ,आयकर दर्ता पत्र, मु.अ.क. दर्ता प्रमाण पत्र र आ.व. २०७५।७६ को कर चुक्ता भएको प्रमाण प्रत्रको प्रतिलिपीका साथै निवेदन साथ बोलपत्र दस्तुर वाफत रु ३०००। अक्षेरुपी तीन हजार फिर्ता नहुने गरी तिरेको नगदी रसिद पेश गरी यस कार्यालय बाट बोलपत्र खरिद गर्न सकिने छ ।
२. बोलपत्र दाताले बोलपत्र दाखिला गर्दा शर्त न.१ मा उल्लेखित सम्पुर्ण कागजातहरु र खरिद कार्वाही भाग लिन अयोग्य नभएको ,प्रस्तावित खरिद कार्वाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा संलग्न राख्नुपर्ने छ ।
३. खरिद भएका बोलपत्रहरु स्पष्टसँग भरि बोलपत्र दाताले प्रत्येक पानामा सहिछाप गरी सिलबन्दीलाहाछाप लगाई खाम बाहिर यस कार्यालयलाई सम्वोधन गरि ठेक्का नम्बर ,कामको विवरण,बोलपत्रदाताको नाम, ठेगाना प्रष्ट लेखि यो सुचना प्रथम पटक प्रकासित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजे मष्टा गाउँ कार्यपालिकाको कार्यालय ,भातेखोला दर्ता गराउनु पर्ने छ । प्राप्त बोलपत्रहरु सोहि दिनको २:०० बजे मष्टा गाउँ कार्यपालिकाको कार्यालय भातेखोलामा गाउँ कार्यपालिकाका प्रतिनिधि तथा सम्बन्धित कर्मचारी एवं बोलपत्रदाताहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।
४. दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा उक्त कार्यहरु बिदाको भोलिपल्ट पछि कार्यालय खोलेको दिन सोहि समयमा हुनेछ ।
५. बोलपत्रसाथ जमानत वाफतको तल उल्लेखित रकम यस कार्यालयको राष्टिय वाणिज्य बैंक चैनपुर बझाङ्गमा रहेको धरौटी खाता न.**४११००३०३००००६** मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मिति बाट कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानत पेश गर्नु पर्ने छ ।
६. बोलपत्र दाताले बोलपत्रमा मु.अ.क.बाहेकको दररेट उल्लेख गर्नु पर्ने छ ।
७. टेक्निकल स्पेशिफिकेशनमा उल्लेख भएको मापदण्ड अनुसार काम सम्पन्न गरि यस कार्यालयलाई बुझाउने गरी प्रत्येक आईटमको दररेट छुट्टाछुट्टै अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।
८. बोलपत्र दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि बोलपत्र भरी पेश गर्नु पर्ने छ ।
९. म्याद नाघि आएको ,रित नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
१०. बोलपत्र स्वीकृत भए पछी ठेक्का सम्झौता गर्दा बोलपत्रदाताले प्रचलित कानुन बमोजिम तोकिएको जमानत रकम यस कार्यालयको रा.बा.बैंक चैनपुर बझाङ्गमा रहेको धरौटी खाता न.**४११००३०३००००६** मा जम्मा गरेको सक्कल भौचर वा घटीमा १३ महिना म्याद भएको यस कार्यालयको नाममा जारि भएको बैंक जमानत (security Fund)पेश गर्नु पर्ने छ ।
११. ठेकेदारले निर्माण सामाग्रीको गुणस्तर स्वीकृत गराई काममा प्रयोग गर्नु पर्ने छ । साथै गुणस्तर सम्बन्धि परिक्षण खर्च ठेकेदार स्वयंमले वेहोर्नु पर्ने छ ।
१२. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद निमावली २०६४ बमोजिम हुनेछ ।
१३. बोलपत्रदाता बाट पेश भएको बोलपत्र पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दर्ता गर्न पाउने छैन ।
१५. यस सम्बन्धि अन्य थप कुराहरु बुझनुपरेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

| सि.न. | ठेक्का नम्बर | कामको बिबरण तथा निर्माण स्थल | लागत अनुमान (मु.अ.क.) सहित | जमानत रकम | फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ६ | लाछीगाड भतेली सडक निर्माण | २९४६९००।- | ७३६७२.५।- | ३०००।- |
| २ | ७ | लेकीखोला देखि गौनिलाग्ना सडक निर्माण | ५०५२१००।- | १२६३०२.५।- | ३०००।- |
| ३ | ८ | लाम्पाटा ढडार रिलु सडक निर्माण | २८५००००।- | ७१२५०।- | ३०००।- |
| ४ | ९ | डुग्री भुस्याँ सडक निर्माण | २०९१९००।- | ५२२९७.५।- | ३०००।- |
| ५ | १० | तुरीधारा धौला सडक निर्माण | २८२३४००।- | ७०५८५।- | ३०००।- |

दिपक बहादुर बोहरा

अमर बहादुर जेठारा



बोलपत्र स्वीकृत गर्ने आशय सम्वन्धी सुचना

सुचना प्रकाशित मिति २०७७०२।०९

**नवदुर्गा गाउँपालिका, मणिलेक, डडेल्धुरा** को मिति २०७७०१।०७ मा सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित निर्माण सम्वन्धीको सुचना अनुसार दर्ता हुन आएका वोलपत्र मध्ये न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही तपसिलका ठेक्काको बोलपत्र स्वीकृतीको लागि छनोट गरिएको हुदा सार्वजनिक खरिद ऐन २०६३, दफा २७ (२) प्रयोजनार्थ सम्वन्धीत सवैलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | आपुर्तीकर्ताको नाम | कुल कवोल अङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | Sheri-Palethar Road Track Project (11/WORKS/NCB/NDRM/2076-077) | श्री माया निर्माण सेवा, अमर गढी-०५,डडेल्धुरा | ५३,५१,७२५।४३ (भ्याट सहित) | |
| २. | Khelgram Ground Construction Project (12/WORKS/NCB/NDRM/2076-077) | श्री माण्डब्य कन्सट्रक्सन प्रा.लि, ढकारी-०१,अछाम | ४३,३४,३०९।९३ (भ्याट सहित) | |
| ३. | Potekhet-Dhukura Irrigation Sub Project (13/WORKS/NCB/NDRM/2076-077) | श्री भुपेन्द्र निर्माण सेवा नवदुर्गा-०२,डडेल्धुरा | २१,४५,७८१।७४ (भ्याट सहित) | |
| ४. | Paikhet-Amara Irrigation Sub Project (14/WORKS/NCB/NDRM/2076-077) | श्री भुपेन्द्र निर्माण सेवा नवदुर्गा-०२,डडेल्धुरा | २२,७४,२०१।०४ (भ्याट सहित) | |

प्रमुख प्रशासकीय अधिकृत



पञ्चेश्वर गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
आमचौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

आर्थिक प्रस्ताब खोल्ने बारेको सूचना

प्रकाशित मिति २०७७/०२/०९

यस कार्यालयको मिति २०७६/११/३० गतेको शौर्य दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहायमा उल्लेखित बोलपत्र न. र खरीद कार्यको लागी e-bid मार्फत पेश भएका बोलपत्रहरुको प्रबिधिक प्रस्तावहरु मिति २०७७/१/२६ गतेको दिन खोली सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ (ड.) (०४) र नियम ६५ (४क, ४ख, ४ग, ४घ, र ४ड.) बमोजिम मुल्याङ्कन हुदा देहायमा उल्लेखित बोलपत्रदाताको प्रबिधिक प्रस्ताब सारभूत रुपमा प्रभावग्राही भई आर्थिक प्रस्ताव खोल्नको लागी उपयुक्त देखिएकाले मिति २०७७/०२/१५ गते दिनको ०२:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने हुदा सोही नियमावलिको नियम ३१ (ड.) (०५) बमोजिम सम्बंधित सबै बोलपत्रदाताहरुको जानकारिका लागी यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न. | बोलपत्र न. | खरीद कार्यको बिबरण | सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता |
|---|---|---|---|
| १ | RC-02/2076/077 | Tichaura to Gaupalika Road Construction | CAB-Gwallek JV |
| २ | RC-02/2076/077 | Tichaura to Gaupalika Road Construction | Kashyap-Rastrasewa JV |
| ३ | RC-02/2076/077 | Tichaura to Gaupalika Road Construction | PR Infrastructure-Jagadamba JV |
| ४ | RC-02/2076/077 | Tichaura to Gaupalika Road Construction | Puspanjali-RB JV |
| ५ | Tichaura to Gaupalika Road Construction | SanidevNirmanSewaPvt.Ltd. | Tichaura to Gaupalika Road Construction |

रूपेश कुमार शर्मा बराल